मेलम्ची खानेपानी विकास समिति

पानीपोखरी, काठमाण्डौ

# प्रेस विज्ञप्ती

(मितिः २०७६।१२।१५)

कोरोना भाइरसका कारणले देश नै पुरै लकडाउन भएको अवस्थामा समेत मेलम्ची खानेपानी आयोजनामा निर्माण कार्यहरू नियमित रुपमा सुचारु रहेको र त्यहा कार्यरत कामदारहरुको स्वास्थ्य तथा खाने वस्ने प्रबन्ध समेत अव्यवस्थित रहेको भन्ने समाचार सम्प्रेषण भएकोमा हाम्रो ध्यानाकर्षण भएको छ ।

लकडाउनको समाचार प्रसारण भए पश्चात स्थानिय कामदारहरू हरू आ-आफ्नो घर फर्किसकेका र अन्य कामदार तथा प्राबिधिकहरु आयोजनाको बिभिन्न साईटहरुमा रहेको जानकारी निर्माण व्यवसायीले समितिलाई गराएको छ। निर्माण व्यवसायीले निर्माणाधिन संरचनाहरूको रेखदेख, संरक्षण, क्याम्प व्यवस्थापनका आवश्यक कार्यहरू एवं सेवाहरूमा हालको Covid 19 को संक्रमणको व्यापकतालाई ध्यानमा राख्दै आवश्यक सुरत्क्षात्मक उपायहरू अपनाउनुको साथै नियमित स्वास्थ्य जाँच एवं औषधि उपचारको प्रवन्ध गरी उल्लेखित तत् तत् Confined स्थानमा रहेका तत् तत् जनशक्ति मात्र परिचालनगरी सेवा सञ्चालनको लागि यस आयोजनासँग अनुमति माग गरेको थियो । उल्लेखित विषयमा परामर्शदाताबाट उपयुक्तता ठहरयाए पश्चात अति आवश्यक सेवा एवं कार्यहरूलाई निरन्तरता दिन सहमति दिइएको हो । हालसम्म निर्माण व्यवसायीबाट आवश्यक सुरत्क्षात्मक उपायहरू अपनाई नियमित स्वास्थ्य जाँच एवं औषधि उपचारको प्रवन्ध गरी कार्य सञ्चालन गरिरहेको पाइएको अवस्था रहेको छ ।

साथै यस समिति हालको Covid 19 को संक्रमणको व्यापकताप्रति पूर्णरूपमा संवेदनशिल र संलग्न जनशक्तिको स्वास्थ्यप्रति सजग रहेको व्यहोरा निवेदन गर्दै, यस कठिन परिस्थितिमा आयोजनालाई बिभिन्न प्रकारबाट सहयोग पुरयाउनु हुने जिल्ला प्रसासन

कार्यालय सिन्धुपाल्चोक, सम्पूर्ण सरोकारवालाहरू एवं जन समुदायहरू प्रति  मेलम्ची खानेपानी विकास समिति हार्दिक आभार प्रकट गर्दछ।

राजेन्द्र प्रसाद पन्त

प्रवक्ता, मे.खा.वि.स.,

९८५१०८५७७२